लुम्बिनी प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राप्ती उपत्यका, (देउखुरी) नेपाल।

**तहवृद्धिका लागि आवेदन फाराम पेश गर्ने सम्बन्धी सूचना।**

सूचना प्रकाशित मिति २०८२/०३/१८

लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २८ बमोजिम तहवृद्धि हुने तह भन्दा एक तह मुनिको तहमा पाँच वर्षको सेवा अवधि पूरा भएका, दफा १०१ बमोजिम नकारात्मक सूचीमा नपरेका र आवेदन दिन पाउने अन्तिम मिति २०८२ आषाढ मसान्त सम्ममा तोकिएको सेवा अवधि र योग्यता पुरा गरेका तह वृद्धि हुन चाहने कर्मचारीले तपसिलका कागजातसहित तहवृद्धिका लागि सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफु कार्यरत कार्यालयमा प्रदेश निजामती सेवा नियमावली, २०८० को नियम ४९ अनुसार सोही नियमावलीको अनुसूची-१९ बमोजिमको ढाँचामा आवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ। यसरी प्राप्त निवेदन सहितका कागजातहरु सम्बन्धित कार्यालयले अधिकृतस्तर दशौं तहको हकमा यस कार्यालयमा र अधिकृतस्तर आठौं तहसम्मका कर्मचारीको हकमा सम्बन्धित सेवा, समूह सञ्चालन गर्ने मन्त्रालयमा पठाउनुहुन यो सूचना प्रकाशन गरिएको छः-

**तपसिल**

१. कर्मचारीको सक्कल निवेदन,
२. हालको पदको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपी,
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी,
४. कर्मचारी समायोजन र पदस्थापन भएको प्रमाणपत्रको प्रतिलिपी,
५. अद्यावधिक वैयक्तिक विवरणको प्रतिलिपी,
६. सम्बन्धित कार्यालयबाट सेवा निरन्तरता सम्बन्धी सिफारिस पत्र,
७. हालसम्म विभागीय कारवाहीमा नपरेको तथा प्रचलित कानून बमोजिम तह वृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा,
८. तोकिए बमोजिम पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन फाराम पेश गरेको निकायको विवरण र
९. तोकिए बमोजिम शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी।

लुम्बिनी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ती उपत्यका (देउखुरी), नेपाल

२०८२।३।१८